नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको विज्ञप्ति

आज मिति २०७५ असोज २४ गते बुधवार विहान ११.०० बजे उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको छैठौं बैठक आयोगका अध्यक्ष तथा माननीय शिक्षा विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेलको अध्यक्षतामा मन्त्रालयको डकुमेन्टेसन हलमा वस्यो । आयोगका २२ जना सदस्यहरुको उपस्थितिमा निरन्तर पाँच घण्टासम्म सञ्चालन भएको उक्त बैठकमा प्रस्तुत **"समाजवादउन्मूख शिक्षाको मार्गदर्शक दर्शन र सिद्धान्त" र "आउँदो २५ वर्षको शैक्षिक दूरदृष्टि"** मा समावेश दूरदृष्टि, सिद्धान्त र उद्धेश्यहरूउपर गहन छलफल भयो । छलफलबाट उक्त सिद्धान्त तथा दूरदृष्टिमा परिमार्जन गर्नुपर्ने विषयहरू सम्बन्धमा राय सुझावहरू प्राप्त भयो । त्यसैगरी आठवटै विषयक्षेत्रका संयोजकज्यूहरूबाट आ-आफ्नो विषयक्षेत्रका कार्यदिश बमोजिम हालसम्मको कार्यप्रगतिको विवरण सम्बन्धमा प्रस्तुतीकरण गर्ने कार्य समेत भयो। साथै तोकिएको कार्यदिश बमोजिमका कार्यहरू कार्तिक १० भित्र सम्पादन गरी हरेक विषयक्षेत्रबाट प्रारम्भिक मस्यौदा तयार गर्ने र तत्पश्चात् एकीकृत प्रारम्भिक मस्यौदा तयार गरी प्रदेशस्तरमा सुझाव सङ्कलनका लागि जाने निर्णय गरियो ।

मिति: २०७५ असोज २४

बैकुण्ठप्रसाद अर्याल
सदस्य सचिव
उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग
एवम्
प्रवक्ता, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय